# १२ खराबलाई असल कामद्‌वरा जित्नु

*यस अध्यायका मूल अध्यायहरू :* रोमी १२, रोमी १३

***यस अध्यायको मूल सार पद:*** **"२ यस संसारको नीतिमा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ, र परमेश्‍वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक।" रोमी १२:२ ("यस संसारका मानिसहरूलाई खुशी तुल्याउन तिनीहरूको चालमा चल्न अब छोडिदेउ। तिम्रो सोचबिचार पूर्ण रूपमा परिवर्तन् होस्। अनि परमेश्‍वरको तिमीप्रति के चाहना छ सो मूल्याङ्कन गर्दै त्यस अनुसार चल्न थाहा पाउनेछौ। र तिम्रो लागि जे उचित थियो सो परमेश्‍वरले नै खटाउनुभएको रहेछ भन्ने कुरामा तिमी सहमत हुनेछौ। तिमीप्रति परमेश्‍वरको योजना असल, स्वीकारयोग्य र सिद्ध हुनेछन्।" (रोमी १२:२ रूपान्तरित)।**

व्यवस्था अर्थात् दश आज्ञा सम्वन्धी गलत धारणाहरू छोड भनेर पावलले रोमका येशूभक्तहरूलाई आग्रह गर्दछन्। साथै सबै इसाईहरूलाई उच्च चरित्रवान तथा आदर्शमा चल्न पनि उनले आह्वान गर्दछन्। यो आज्ञाकारी तथा अनुशासित जीवन त्यसबेला आउँछ जब मानिसको भित्री हृदय र मनस्थितिमा आमूल परिवर्तन आउँछन्। यो परिवर्तन फेरि मानिसको ठूलो प्रयास, त्याग, तपस्याबाट होइन तर मानिसले परमेश्‍वरमा पूर्ण रूपमा अर्पण गरेपछि मात्र हुन्छ। जब मानिसले आफ्नो जीवनलाई परमेश्‍वरको सामु आत्मसमर्पण गर्दछ तब उसको जीवनमा परमेश्‍वरको शक्तिले काम गर्न सजिलो बनाउँछ।

परमेश्‍वरको आज्ञा अनुसार चल्ने स्वभाव उहाँलाई विश्‍वास गरेपछि अटोमेटिक अर्थात् स्वाभाविकरूपमा हुन्छ भनेर रोमीको पुस्तकमा उल्लेख गरिएको छैन। परमेश्‍वरको आज्ञामा चल्न के आवश्यकताहरू पूरा गर्नु जरुरी छ भन्ने कुरामा इसाईहरूमा बौद्धिक आत्मज्ञान हुनु आवश्यक छ र अन्तमा इसाईहरूले त्यस शक्तिको खोजि गर्नुपर्छ जुन शक्ति बिना आज्ञाकारी जीवन बिताउन असम्भव छ।

त्यसकारण इसाईहरूको निम्ति करुणामय, दयाशील जीवन भनेको समाजबाट अलग्गिएर होइन तर विश्वासलाई सक्रिय बनाएर चल्नु हो। परमेश्वरलाई विश्वास गऱ्यो भन्दैमा उहाँमाथि भरोसा राखेर चुपचाप बसेर कामलाई तुच्छ ठानेर बस्न पावलले कहिल्यै पनि सिकाएका छैनन्। रोमी अध्याय १३देखि १५सम्म पावलले त्यस मामिलामा कडा जोर गर्दछन्। यसको अर्थ विश्वासद्वारा धर्मी ठहरिन्छ भन्ने अगाडिका शिक्षालाई पावलले अस्वीकार गरेको ठान्नुहुन्न। तर त्यसको ठीक बिपरीत विश्वासद्वारा जिउनु भनेको के हो भनेर असली रूपमा कामबाट देखाउँदछ। अझ येशू ख्रीष्ट आउनुभएपछि थप ईश्वरीय ज्ञान प्राप्त भएको कारणले पुरानो करारभन्दा नयाँ करारमा दिएका अनुशासित जीवनको निर्देशन अझ कडा भएको छ भनेर तर्क गर्न सकिन्छ। उच्च तथा उचित नैतिकवान चरित्र र व्यवहार कस्तो हुनुपर्छ नयाँ करारका विश्वासीहरूलाई येशूको जीवनबाट देखाइएको छ। हामीले अनुसरण गर्ने नमुना अरू कोही नभएर केवल येशूमात्र हुनुहुन्छ। "जुन दिमाग अर्थात् चेतना येशूमा थियो त्यही तिमीहरूमा होस्" (पावलको अनुरोधमा मोशाको, दानिएलको, हनोकको, न त न्यायकर्ता देवोराको वा अगमवक्ता एलियाको जस्तो हुनुपर्छ भनिएको छैन) तर "येशू ख्रीष्टमा भएको जस्तो" (फिलिप्पी २:५) हुनुपर्छ रे! **येशूको जस्तै उच्च आदर्श जीवनभन्दामाथि जाने के छ र?**

## १. तिम्रो सुहाउँदो र उचित सेवा

रोमी ११ पछि पावलले सिकाउन चाहेको सैद्धान्तिक शिक्षा अर्थात् येशूभक्त भएर के आत्मज्ञानहरू हामीमा हुनुपर्छ भन्ने भागको अन्त हुन्छ। व्यवहारिक अर्ती र व्यक्तिगत कुराहरूलाई रोमी १२-१६ अध्यायमा पावलले प्रस्तुत गर्दछन्। तैपनि ती अन्तिम अध्यायहरू अत्यन्त महत्त्वपूर्ण छन् किनभने येशूमाथि विश्वास गरेको जीवन शैली कस्तो हुनुपर्छ भनेर तिनीहरूले देखाउँदछन्।

विश्वास भयो भन्दैमा अनुशासित अर्थात् आज्ञापालनको जीवनसँग सरोकार छैन भन्ने कुरालाई भर्खरका विश्वासीहरूले सम्झनुहुन्न। विश्वास आज्ञाकारी जीवनको विकल्प होइन। परमेश्वरको आज्ञा मान्ने कर्तव्यको आवश्यकतालाई विश्वासले हटाउँदैन। दश आज्ञाहरूमा उल्लेखित नैतिक नियम पालन गर्नुपर्ने परमेश्वरको निर्देशन अझैसम्म पनि कायमै छ। दश आज्ञाहरूलाई नयाँ

करारले स्पष्टमात्र होइन अझ धेरै व्याख्या पनि गरेको छ। तर यस्तो समय हुन्छ जब परमेश्वरको दश आज्ञाहरूमा कोरिएको नैतिक नियम मुताविक चल्न येशूभक्तहरूको निम्ति सजिलो हुनेछैन। बरू त्यसको उल्टो, पाप र आफूले आफूसँग गर्ने लडाइँ चर्को भइरहनेछ (१ पत्रुस ४:१)। तर येशूभक्तलाई कठिन जीवनसँग लड्न र जित्ने प्रतिज्ञा परमेश्वरले दिनुभएको छ। तर हामी अझै शैतान र उसका दूतहरूले राज्य गरेको भौतिक संसारमा छौं र विभिन्न प्रलोभन, लालसा र परीक्षाहरूसँग चर्को रूपमा संघर्ष गरिरहनुपर्ने हाम्रो वाध्यता भइरहन्छ। तर हामीलाई यस्तो असल सन्देश छ, यदि जीवनको संघर्षमा कहिलेकाहीं फेल भयौं वा ठेस खायौं भने परमेश्वरले हामीलाई त्याग्नुहुन्न किनभने स्वर्गमा हाम्रो मूल पुजारी हुनुहुन्छ जो हाम्रो निम्ति परमेश्वर पितासँग विन्ति गरिरहनुहुन्छ (हिब्रू ७:२५)।

इसाईहरू ज्युँदो शहिद वा बलि भएर कसरी जिउनुपर्छ भनेर रोमी १२:१मा पावलले यसरी लेखेका छन्: “यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्नो शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिँउदो बलिको रूपमा अर्पण गर।" अनि उपरोक्त आह्वानलाई पद २ले यसरी पुष्टि गर्दछः "यस संसारको ढाँचा वा नीतिमा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो त्यो तिमीहरूले जाँच्न सक।"

जब बलि भन्ने शब्द पावलले प्रयोग गरे तब उनले पुरानो करारमा प्रचलित भएको बलिप्रथालाई सम्झेका थिए। पुरानो करार अर्थात् येशूको मृत्यु पूर्व यहूदी धर्ममा पशुबलिको प्रथा थियो। येशू हाम्रो निम्ति क्रुसमा बलि हुनुभएकोले पशुबलिको औचित्य समाप्त भएको थियो। त्यसै गरि आफ्नो जीवन परमेश्वरमा अर्पण गर्न येशूभक्तलाई आह्वान गरिएको छ। परमेश्वरको निम्ति मरेको शहिद भएर होइन तर जिवीत बलिभएर उहाँको सेवा गर्नु प्रत्येक इसाई भनेर दावी गर्नेको धर्म हो भनेर मान्नुपर्छ।

बलिको निम्ति ल्याइएको प्रत्येक पशु होसियारसाथ जाँचिन्थ्यो। त्यो बाइबलको समयमा इस्रायलमा चलेको चलन थियो। यदि कुनै पशु सिद्ध थिएन वा खोट थियो भने त्यसलाई बलि चढाइदैनथ्यो। बलिको निम्ति ल्याइएको पशु सिद्ध र खोटरहित हुनुपर्दछ भन्ने निर्देशन परमेश्वरकै थियो। यही सन्दर्भमा इसाईहरूलाई पनि उनीहरूको शरीरलाई जिवीत बलि, पवित्र र

परमेश्वरको ग्रहणयोग्य बनाउन परमेश्वरले आह्वान गर्नुहुन्छ। यो अर्पित जीवनको निम्ति तिनीहरूमा भएको सबै शक्तिलाई सक्दो असलरूपमा सुरक्षित गरेर राख्नुपर्दछ। हामी मध्ये कसैले पनि सिद्ध छौं भनेर दावी गर्न सक्दैनौं। तर परमेश्वरको सहयोगले हाम्रो क्षमताले भ्यायसम्म निष्ठावान, निर्दोषी र विश्वासीको जीवन बिताउन प्रयत्न गर्नुपर्दछ।

"***तिमीहरूको दिमागलाई नविकरण गरि चरित्रमा पूरा परिवर्तन हुनु (रोमी १२:२)। यसरी*** **प्रेरित पावलले इसाईहरूमा हुनपर्ने प्रगतिको व्याख्या गर्छन्: इसाई भएकाहरूलाई नै उनले उक्त कुरा सम्बोधन गर्छन्। इसाई जीवन केही नगरेर ठिङ्ग उभिएर बस्ने होइन, तर असलबाट झन असल वा उत्तमहुनुतिर लम्किनुपर्छ।"-मार्टिन लुथर,** ***कमेन्टरी अन रोमनस्,*** **पृ. १६७,१६८बाट रूपान्तरित। इसाई जीवनमा असलबाट झन झन असल हुनुतिर प्रगतिशील हुनुभनेको के हो?**

## २. गम्भीर भएर सोच्नु

परमेश्वरको व्यवस्था अर्थात् दश आज्ञा सदा अटल छन् भनेर यस अध्ययनमा धेरै छलफल गऱ्यौं। परमेश्वरले हामीलाई दिनुभएको आचारसंहिता वा दश आज्ञाहरू खारेज गरिएको छैन न त विश्वास भयो भन्दैमा त्यसको गरिमा र महत्त्वपूर्णतालाई फ्याकियो भनेर बारम्वार रोमीको पुस्तकमा पावलले औंल्याएको हामीले हेऱ्यौं।

तर यस दश आज्ञाको आत्मिक ज्ञानमा ध्यान नदिएर त्यसको अक्षरहरूमा अलमलिनु सजिलो छ। त्यस दश आज्ञाको मुख्य भावना प्रेम हो। त्यसले परमेश्वरलाई कसरी प्रेम गर्ने र एक आपसका कस्तो प्रेमिलो सम्बन्ध राख्ने भनेर सिकाउँछ तर दश आज्ञाप्रति पूर्वाग्रह राखेर इसाई जीवनलाई चलाउँदा  प्रेमको सही अर्थलाई बिर्सनुसक्छौं। माया गर्छु भनेर सबैले दावी त गर्न सक्छन्। तर दैनिक जीवनमा त्यस माया, प्रेम, शहिष्णुता, स्नेह देखाउन सक्ने क्षमता प्रत्येक मानिसको निम्ति चुनौती भएर खडा भइरहेको तथ्यचाहीं मुखले माया गर्छु भनेको भन्दा पनि फरक नै हुन्छ।

**हाम्रो जीवनमा आफूप्रति मात्र होइन अरूप्रति प्रेम कसरी देखाउने भनेर रोमी १२:३-२१मा खुलाइएकोछ। हेर्नुहोस्: "३ किनभने मलाई दिइएको अनुग्रहद्वारा तिमीहरूमध्ये हरेकलाई म आग्रह गर्दछु, जसले आफूलाई जस्तो सम्झनुपर्छ त्यसभन्दा बढ़ी नसम्झोस्, तर परमेश्वरले हरेकलाई दिनुभएको**

विश्वासको नापबमोजिम सन्तुलित विचारले सोचोस्। ४ किनकि जसरी हाम्रो एउटै शरीरमा धेरै अङ्ग हुन्छन्, तर सबै अङ्गहरूको एउटै काम हुँदैन, ५ त्यसरी नै हामी जो धेरै छौं, हामी पनि ख्रीष्टमा एउटै शरीर हौं, र प्रत्येक एक-अर्काका अङ्ग हौं। ६ हामीलाई दिइएको अनुग्रहअनुसार अलग-अलग वरदानहरू हामी प्रयोग गरौं। अगमवाणीको हो भने, विश्वासको परिमाणअनुसार, ७ सेवाको हो भने, सेवाको काममा, शिक्षा दिनेले शिक्षा दिने काममा, ८ अर्ती दिनेले अर्ती दिने काममा, दान दिनेले उदार-चित्तले, शासन गर्नेले दत्तचित्तसाथ, कृपाको काम गर्नेले खुशीसित। ९ प्रेम निष्कपट होस्। जुन कुरा खराब छ, त्यसलाई घृणा गर। जुन कुरा असल छ, त्यसमा लागिरहो। १० भातृ-प्रेमसँग एकअर्कालाई प्रेम गर। आफूलाई भन्दा बढ़ी अरूलाई आदर गर। ११ जोशमा पछि नहट। पवित्र आत्मामा प्रज्वलित होओ, प्रभुको सेवा गर्दैरहो। १२ आफ्नो आशामा आनन्द गर, सङ्कष्टमा धैर्य धारण गर, प्रार्थनामा निरन्तर लागिरहो। १३ सन्तहरूको खाँचोमा सहायता देओ, अतिथिसत्कार कायम राख। १४ तिमीहरूको खेदो गर्नेहरूलाई आशीर्वाद देओ, नसराप। १५ आनन्द गर्नेहरूसँग आनन्द गर। रुनेहरूसँग रोओ। १६ एक-अर्कासँग मिलेर बस, अभिमानी नहोओ, तर नम्रहरूसँग सङ्गत गर। कहिल्यै अहङ्कारी नहोओ। १७ कसैलाई खराबको सट्टा खराब नगर। जुन कुरा सबै मानिसहरूका दृष्टिमा आदरणीय छ, तिनमा ध्यान देओ। १८ हुन सक्छ भने, सकेसम्म सबैसँग शान्तिमा बस। १९ प्रिय हो, आफैले कहिल्यै बदला नलेओ, तर परमेश्वरको क्रोधमा छोडिदेओ। किनभने, लेखिएको छ, "बदला लिने काम मेरो हो, म नै बदला लिनेछु," परमप्रभु भन्नुहुन्छ। २० बरु, "तिम्रो शत्रु भोकाएको छ भने त्यसलाई खुवाओ, त्यो तिर्खाएको छ भने त्यसलाई पानी देओ। त्यसो गर्नाले तिमीले त्यसको टाउकोमा आगोको भुङ्ग्रो थुपार्नेछौ।" २१ खराबीबाट पराजित नहोओ, तर खराबीलाई भलाइले जित।"

सबैको हितको लागि परमेश्वरको आत्माले हामी प्रत्येकलाई विभिन्न बरदान अर्थात् प्रतिभा वा दक्षता दिनुभएको छ भनेर छलफल गरेको लगत्तै पावलले प्रेमलाई उच्च स्थानमा १ कोरन्थी १२ र १३मा जस्तै रोमी १२मा राख्दछन्। ग्रीक अर्थात् युनानी भाषामा प्रेमलाई आगापे-agape- भनिन्छ। यो प्रेमको सबभन्दा उच्च परिभाषा हो। मानिसलाई उच्चस्तर मार्गमा हिंडाउनु प्रेमको खुबी हो। प्रभु येशूको चेला यूहन्नाले १ यूहन्ना ४:८मा भन्दछन्: "परमेश्वर प्रेम हुनुहुन्छ।" त्यसकारण सच्चा प्रेमले परमेश्वरको चरित्रलाई

व्याख्या गर्दछ। जो मानिस परमेश्वरमा भएको प्रेमको जोशमा चल्छ त्यसले अरूलाई परमेश्वरले प्रेम गरेको जस्तै प्रेम गर्दछ र आफ्नो व्यवहारमा पनि उहाँको चरित्रलाई देखाइरहेको हुन्छ। (अर्थात् अरूलाई दोषी चस्माले होइन तर परमेश्वरको चस्माले हेर्ने, परमेश्वरको सच्चा प्रेममा रहेको व्यक्तिको खुबी हो)।

त्यस प्रेमलाई व्यवहारमा कसरी देखाउनुपर्दछ र कसरी देखाउनसकिन्छ भनेर पावलले रोमी १२मा स्पष्ट पार्दछन्। त्यो हाम्रो निम्ति मार्गनिर्देशन हो। प्रेममा रहने व्यक्ति एक प्रमुख गुणले भरिएको हुन्छ भनेर उनी भन्दछन्। त्यो गुण होः व्यक्तिगत नम्रता अर्थात् अहंले नफुल्नु। “आफ्नो भाउ खोज्न अरू भन्दा आफू ठूलो छु भनेर नसोच्नु" (रोमी १२ःं३ रूपान्तरित) प्रेमको अर्थ हो। प्रेममा रहनु भनेको अर्थ यो पनि होः “गहिरो रूपमा एक आपसमा प्रेम गर्नु। आफूलाई भन्दा अरूलाई बढि सम्मान गर्नु वा आफू घटेर भएपनि अरूलाई माथि उचाल्नु वा सम्मान गर्नु" (पद १० रूपान्तरित), र “अरू भन्दा आफ्नै आँखामा असल, बुध्दिमानी वा सक्षम् छु" भनेर नसोच्नु पनि प्रेमको परिभाषा हो (रोमी १२:१०)। प्रभु येशूले आफ्नो बारेमा भन्नुभएका यी शब्दहरूलाई हाम्रो भित्री मनमा कोरेर राख्नु अत्यन्त जरुरी छः “मेरो जुआ तिमीले बोक, मबाट सिक। म नम्र छु र मेरो हृदय कमलो छ।" (मत्ती ११:२९ रूपान्तरित)।

प्रिय इसाई दिदीबहिनी तथा दाजुभाईहरू, याद गर्नुहोस् संसारका सबै मानिसहरूमा तपाईंहरू अत्यन्त नम्र, कोमल र सदाशयी हुनुपर्दछ। हामी आफैंलाई हेरौं, हामी कति पतन भएका छौं। हामी कस्तो भरोसामा जिइरहेका हुन्छौं सो सोच्नुहोस्। मुक्ति पाउन हामीहरूको कुनै धर्मकर्म वा असल काममा भर परेर होइन न त हामी परिवर्तन हुन चाहन्छौं भने त्यसको निम्ति हामी आफैसँग भएको शक्तिले परिवर्तन गर्न सक्छौं। हामीले घमण्ड गर्नुपर्ने कुरो के छ त? हामीसँग के छ हामीले अभिमान गर्न सक्छौं? हामीभित्र के छ र हामीले के गर्न सक्छौं र जसले गर्दा हामीले फूर्ति लाउन सक्छौं? यथार्थमा हामीसँग केही पनि छैन। व्यक्तिगत रूपमा परमेश्वरको सामु र अरूको सामु हामीदले नम्र भएर वा झुकेर जीवन चलाउनुपर्छ र रोमी १२मा पावलले दिएको इसाईमा हुनुपर्ने आदर्श गुणलाई हामीले मनमा राखेर हिंड्नु नै हाम्रो निम्ति हित हुन्छ।

रोमी १२:१८मा उल्लेख गरिएको छः "हुनसक्छ भने, सकेसम्म सबैसँग शान्तिमा बस।" वर्तमान जीवनमा पावलको यो सुझावलाई तपाईंले कसरी व्यवाहारमा उतारिरहनुभएको छ? के बाइबल अनुसार चल्न तपाईको सोचमा कस्तो परिवर्तनहरू आउनु आवश्यक छ?

## ३. येशूभक्त र आफू रहेको देशप्रति देखाउनुपर्ने कर्तव्य

देशका नागरिकहरूलाई सुशासनमा राख्न सरकार र सरकारले खटाएका प्रशासकहरूसँग येशूभक्तहरूको सम्बन्ध कस्तो हुनुपर्छ भनेर रोमी १३:१-७मा पावलले औंल्याएको हेर्नुहोस्: "१ हरेक व्यक्ति शासन गर्ने प्रशासकहरूका अधीनमा बसोस्। परमेश्वरबाट आएको अधिकारबाहेक अरू कुनै अधिकार हुँदैन। जुन प्रशासकहरू छन्, ती परमेश्वरबाटै नियुक्त भएका हुन्। २ यसकारण प्रशासकहरूका विरुद्धमा खड़ा हुनेले परमेश्वरबाट नियुक्त भएकाहरूको विरोध गर्छ, र जस-जसले विरोध गर्छन्, तिनीहरूले दण्डको आज्ञा पाउनेछन्। ३ किनभने सुकर्मको निम्ति होइन, तर कुकर्मको निम्ति शासकहरूको डर मानिन्छ। के तिमी प्रशासकको डरमा रहन चाहँदैनौ? त्यसो भए, असल काम गर, र तिमीलाई तिनीबाट प्रशंसा मिल्नेछ। ४ किनकि तिम्रो भलाइको निम्ति तिनी परमेश्वरका सेवक हुन्। तर यदि तिमी खराबी गर्छौ भने डर मान, किनभने तिनले तरवार व्यर्थमा भिर्दैनन्। खराब काम गर्नेमाथि परमेश्वरको दण्ड ल्याउने तिनी परमेश्वरका सेवक हुन्। ५ यसकारण परमेश्वरको दण्डबाट बच्नलाई मात्र होइन, तर विवेकको निम्ति पनि तिमी तिनका अधीनमा रहनुपर्छ। ६ यसैकारणले पनि तिमी कर तिर्दछौ। किनकि प्रशासकहरू यसै कामको निम्ति निरन्तर लागिरहेका परमेश्वरका सेवक हुन्। ७ तिर्नुपर्ने कुरा सबैलाई तिर– कर तिर्नुपर्नेलाई कर, महसूल तिर्नुपर्नेलाई महसूल, आदर गर्नुपर्नेलाई आदर, इज्जत गर्नुपर्नेलाई इज्जत गर।"

इतिहासको कुन् समयलाई मनमा राखेर पावलले ती भावनाहरू व्यक्त गरेका थिए भन्ने विषय अत्यन्त रोचक छ। त्यसबेला रोमका मूर्तिपुजक शासकले सारा विश्वलाई आफ्नो मुठ्ठीमा राखेर शासन गरेका थिए। रोम विश्वासै गर्न नसिकने अत्यन्त कठोर, निष्ठुर र भ्रष्ट पत्थरी हृदय भएका बादशाह र प्रशासकहरूको विश्व साम्राज्य थियो। जीवित परमेश्वरप्रति तिनीहरूको चासो थिएन र साथै उहाँको बारेमा थाहा पनि थिएन न त थाहा पाउन नै चाहेका थिए। केहि वर्षपछि नै त्यही रोमका सम्राट र प्रशासकहरू

इसाईहरू बिरुद्ध आम हत्यामा संलग्न भएका थिए। युरोपको त्यस रोमको शासक तथा जनताहरूले इसाईहरूलाई आतङ्कित पारेर त्राही त्राही बनाएका थिए। किनभने रोमका सम्राट र जनताहरूले अनेकौं मूर्ति तथा प्रकृतिका वस्तुहरूलाई भगवान मानेर पूजा गर्दथे तर इसाईहरू सृष्टिकर्ता सत परमेश्वरको मात्र उपासना गर्दथे। साँच्चै भनौं भने त्यहि रोमको सरकारले पावललाई वन्धक बनाएर उनको शीर छेदन गरेका थिए ! तर त्यसका बाबजुद पनि त्यस्ता आतङ्ककारी सरकारको मुनी रहँदा पनि इसाईहरूलाई असल नागरिक हुनुपर्दछ भन्ने कुरालाई पावलले जोड दिइरहेको अचम्म होइन त?

यसमा हामीले होइन भन्न मिल्दैन। किनभने अधिकारवालाहरू वा प्रशासकहरू खटाएर देश चलाउने धारणा बाइबलभरीनै पाइन्छ। देशलाई व्यवस्थित तरिकाले चलाउन सरकारको आवश्यकताको नीतिलाई परमेश्वरले नै खटाउनुभएको थियो। मानिस जाति समाज तथा देशको विधि र नीतिनियमअनुसार चल्नुपर्छ। त्यसलाई विधिको शासनमा भनिन्छ। देशलाई अव्यवस्थित, अराजकता र अनुशासनरहित चलाउने धारणा बाइबलको होइन।

तर यसको अर्थ यो पनि होइन, सबै खालका सरकारलाई परमेश्वरले अनुमोदन गर्नुहुन्छ वा तिनीहरूले चलाएका प्रसाशकीय काम कार्वाहीप्रति परमेश्वर संतुष्ट हुनुभएको छ। निरंकुस शासकहरूले सोझो जनताहरूलाई निष्ठुरतापूर्ण दमन गरि शासन चलाएको विश्वको इतिहास साक्षी छ। यस्तो नराम्रो र निर्दयी सरकारको अधीनमा रहेर पनि येशूभक्तहरूले सकेसम्म आफ्नो देशका नियमकानूनहरूको पालना गर्नुपर्दछ भनेर पावलले जिकिर गर्दछन्। परमेश्वरको नीतिको विपरीत नभए आफ्नो देशका सरकारहरूप्रति बफादारी हुन र त्यसको समर्थनमा लाग्न येशूभक्तहरूलाई आह्वान गरिएको छ। कुनै पनि सरकारको विरूद्धमा जानु छ भने येशूभक्तहरू प्रार्थनापूर्वक र होसियारपूर्वक लाग्नुपर्दछ। कुनै दिन ती राजनैतिक शासकहरू परमेश्वरका विश्वासी जनहरू अगाडि उभिनुपर्नेछ। तिनीहरू परमेश्वरको नीति, व्यवस्था वा दश आज्ञाको खिलाफमा गएर यस संसारलाई नियन्त्रण गर्नेहरूको अवस्था दुःखलाग्दो हुनेछ (प्रकाश १३)। त्यो समय नआउञ्जेल हामी जुनसुकै देशमा भएपनि हामी देशभक्त हौं र असल नागरिक हौं भनेर देखाउनुपर्दछ।

“सरकार र देशका अगुवाहरू परमेश्वरकै आदेश अनुसार खटिएको हो भनेर हामीले मान्नुपर्छ। परमेश्वरको नीतिको सिमानामा सरकारको आदेश

पालन गर्नु हाम्रो पवित्र धर्म हो भनेर सिकाउनुपर्छ। तर जब शासकहरूको आदर गर्ने क्रममा परमेश्वरको व्यवस्था उल्लंङघन हुन्छ भने मानिसको कुनै नीतिकानुन भन्दा परमेश्वरको आज्ञालाई उच्च पारेर चल्नुपर्छ।

"अधिकार पाएकाहरूको विरुद्धमा जानु जरुरी छैन। हाम्रो सरकारलाई के भन्नुपर्छ र त्यसको बारेमा के लेख्नुपर्छ त्यसप्रति होसियार हुनुपर्दछ। देशको विधिको शासन र नियमको खिलाफमा हामी हिँडेका छौं भन्ने सन्देश हामीले दिनुहुँदैन। परमेश्वरको निम्ति हामीले गर्नुपर्ने कामलाई जोखिममा पारेर सरकारको विरोधमा केहि भन्नुहुँदैन न त केहि गर्नु नै हुन्छ।"- एलेन जी ह्वाइट, *द आक्टस् अभ आपोस्टल्स,* पृ. ६९बाट रूपान्तरित।

## ४. एक आपसमा प्रेम गर

**रोमी १३:८मा उल्लेख गरिएको छः "आपसमा प्रेम गर्नुबाहेक कसैको केहि कुरामा ऋणी नहोओ, किनकी आफ्नो छिमेकीलाई प्रेम गर्नेले व्यवस्था पूरा गरेको हुन्छ।" पावलको यस भनाइलाई हामीले कसरी बुझ्ने? यसको अर्थ के यदि हामीले प्रेम गर्‍यौं भने परमेश्वरको व्यवस्था वा दश आज्ञालाई पालन गर्नु आवश्यक छैन?**

जसरी येशूले डाँडामा उपदेश दिनुभए झैं, परमेश्वरको व्यवस्थालाई मानिसहरूले सरल तरिकाले बुझ्न भनेर पावलले त्यसलाई अझ बुझ्ने गरेर व्याख्या गर्दछन्। हामीले जे गर्छौं त्यो प्रेमले नै आकर्षित भएर गर्दछौं भनेर पावलले देखाउँदछन्। सच्चा प्रेमले परमेश्वरको चरित्रलाई प्रतिविम्व गर्दछ र परमेश्वर प्रेम हुनुहुन्छ। यस सन्दर्भमा हामी भन्छौं कि प्रेम गर्दा दश आज्ञालाई पूरा गरेको देखाउँछ। कतिपय इसाईहरूले नै प्रेमको बारेमा अस्पष्टरूपमा व्याख्या गरेर नैतिक आदर्शमा चल्न दिइएको दश आज्ञालाई पन्छाएर प्रेम गरे पुगि हाल्छ नि भनेर सिकाउँदछ। तर परमेश्वरको नैतिक दश आज्ञा भित्र हामी अझै छौं किनकि यसले हामीलाई पाप के हो भनेर औंल्याउँछ। पाप भनेको मनगढन्ते हो भनेर कसले भन्छ र? तर प्रेमकै आधारमा परमेश्वरको व्यवस्थालाई सच्चारूपमा पालन गर्न सकिन्छ। आज्ञा पालन गर्ने निहुँमा प्रेम नगर्नेलाई हामीले के भन्ने? तपाईंलाई थाहा छ, कतिपय मानिसहरू येशूलाई क्रुसमा टाँगेपछि सुर्यास्त हुनुभन्दा अघि दश आज्ञाको नियमबमोजिम साबथलाई पालन गर्न अघि हतारहतार घरमा गएका थिए!

**प्रेमको नीतिलाई पालन गर्दा दश आज्ञा पालन गरेको ठहरिन्छ भनेर देखाउन पावलले कुनचाहिँ आज्ञाहरू रोमी १३:८-१०मा उदाहरणको लागि प्रस्तुत गरेका छन्? विशेष गरेर तिनीहरूलाई नै किन पावलले औँल्याउँछन्? हेर्नुहोस्: "८ आपसमा प्रेम गर्नुबाहेक कसैको केही कुरामा ऋणी नहोओ। किनकि आफ्नो छिमेकीलाई प्रेम गर्नेले व्यवस्था पूरा गरेको हुन्छ। ९ "तिमीले व्यभिचार नगर, तिमीले हत्या नगर, तिमीले चोरी नगर, तिमीले लोभ नगर," यी आज्ञाहरूबाहेक, र अरू जति आज्ञा छन्, ती सबैको सारांश यसै आज्ञामा पाइन्छ, अर्थात् "तिमीले आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्नु।" १० प्रेमले छिमेकीको खराबी गर्दैन। यसकारण प्रेम गर्नु नै व्यवस्था पूरा गर्नु हो।**

मानव जीवनमा हुनुपर्ने प्रेम कुनै नयाँ नीतिलाई पावलले देखाएको थिएन। पावलले लेवी व्यवस्था १९:१८ लाई यहाँ उतार्दछन्: "तिम्रो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर।" पुरानो करारको जीवनप्रणालीमा प्रेम एक प्रमुख आदर्श गुणको भाग थियो भनेर पावलले देखाउँछन्। फेरि सुसमाचार प्रचारलाई समर्थन गर्न पावलले पुरानो करारलाई प्रयोग गरेको पाउँछौं। पावलले यहाँ उद्धृत गरेका केही आज्ञाहरूमात्र पालन गर्नुपर्छ भनेर कतिपयले तर्क गर्दछन्। यदि यो सत्य हो भने, के इसाईहरूले आफ्ना आमाबाबुको अनादर गर्ने, मिथ्या देवीदेवताहरू अर्थात् मूर्तिलाई पूजा गर्ने, परमेश्वरबाहेक अरू पनि भगवान वा ईश्वरहरू छन् भनेर मान्ने? यो कदापि होइन।

पावलले यहाँ कुन सन्दर्भमा बोलिरहेका थिए सो हेर्नुपर्छ। हामीले एक आपसमा कसरी व्यवहार गर्नुपर्छ भन्ने मामिलामा पावलले छलफल गरिरहेका थिए। एक आपसमा हुने व्यक्तिगत सम्वन्धको बारेमा उनले चर्चा गरिरहेका थिए। त्यसैकारण जुन आज्ञाहरू उनले उद्धृत गरे ती सम्वन्ध सुधार्ने आज्ञाहरूमा केन्द्रित भएका थिए। बाँकी आज्ञाहरू हामीले मान्नुपर्दैन भनेर प्रमाणित गर्न उनको तर्कलाई प्रयोग गर्नु मनासिव छैन। (यो थाहा पाउन प्रेरित १५:२०, १ थेस्सोलोनी १:९, १ यूहन्ना ५:२१ पढे थाहा हुन्छ)। अरूलाई प्रेम गर्दा परमेश्वरलाई प्रेम गरेको ठहर्छ भनेर नयाँ करारका अरू लेखकहरूले पनि औँल्याएको कुरामा हामीले आँखा चिम्लनुहुन्न । (हेर्नुहोस्: येशूको वचन "४० "तब राजाले तिनीहरूलाई जवाफ दिएर भन्नेछन्, 'साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले यी मेरा भाइहरूमध्ये सबैभन्दा सानामा एक जनालाई जे-जति गर्‍यौ, त्यो तिमीहरूले मलाई नै गर्‍यौ।' मत्ती २५:४० र १

यूहन्ना ४:१९-२१ "१९ हामी प्रेम गर्दछौं, किनभने पहिले उहाँले हामीलाई प्रेम गर्नुभयो। २० यदि कसैले “म परमेश्वरलाई प्रेम गर्छु” भन्छ, तर आफ्नो भाइलाई घृणा गर्छ भने त्यो झूटो हो, किनकि आफूले देखेको आफ्नो भाइलाई नै प्रेम नगर्नेले नदेखेका परमेश्वरलाई प्रेम गर्न सक्दैन। २१ हामीले उहाँबाट यो आज्ञा पाएका छौं, कि जसले परमेश्वरलाई प्रेम गर्छ त्यसले आफ्नो भाइलाई पनि प्रेम गर्नुपर्छ।")।

**परमेश्वरसँग तपाईंको सम्वन्धबारे सोच्नुहोस्। परमेश्वरसँगको सम्वन्धले अरूसँगको सम्वन्धमा कसरी असर पार्दछ? ती दुबैसँगको सम्वन्धमा प्रेमको भूमिका किन महत्वपूर्ण छ? परमेश्वरले हामीलाई प्रेम गरेझैं अरूलाई पनि हामीले प्रेम गर्न कसरी सिक्ने? यो आदर्शमा हिँडन् तपाईंलाई कसले रोकी राखेको छ?**

## ५. अब हामीहरूको मुक्ति

**"यसबाहेक यो वर्तमान समय कस्तो छ, सो तिमीहरूलाई थाहा छ। अब निद्राबाट ब्यूँझने ठीक बेला आइपुगेको छ, किनकि हामीले पहिले विश्वास गरेको भन्दा अहिले हाम्रो मुक्ति अझ नजिक छ।" रोमी १३:११।**

रोममा भएका विश्वासीहरूलाई यो रोमीको पत्र एउटा विशेष विषयबस्तुमा केन्द्रित गरेर लेखेका थिए। रोममा भएको चर्च, विशेष गरेर यहूदी इसाईहरूलाई नयाँ करारमा विश्वास र कामको भूमिकालाई स्पष्ट पार्न पावलले पत्र लेखेका थिए। मुक्ति र पापी मानिस परमेश्वरको सामु कसरी धर्मी र पवित्र ठहरिन्छ भन्ने विषयवस्तुलाई पावलले प्रमुख ध्यान दिएका थिए। जो मानिसहरू परमेश्वरको व्यवस्थालाई विधिपूर्वक पालन गर्दथे तिनीहरूको निम्ति पावलले व्यवस्थाको भूमिका र त्यो कुन सम्दर्भमा दिइएको थियो भनेर बुझाउन खोजेका थिए। पुरानो करारमा पनि यहूदी धर्म अनुग्रहको धर्म थियो। तर संस्कार तथा विधिविधान मान्ने क्रममा अनुग्रहलाई ओझेलमा पारिएको थियो। यसले गर्दा धेरै समस्याहरू खडाभएका थिए र परमेश्वरसँगको विश्वासमा नोक्सान पुऱ्याइएका थिए। सेभेन्थ-डे एडभेन्टिस्ट चर्चका हामी सम्पूर्ण विश्वासीहरूले पनि त्यहि भूल नदोऱ्याउन धेरै सतर्क हुनुपर्दछ।

**कुन् घटनालाई रोमी १३:११-१४मा पावलले वर्णन गरिरहेका छन्? यस घटनालाई पर्खिने क्रममा हाम्रो जीवनशैली कस्तो हुनुपर्दछ? हेर्नुहोस्: "११ यसबाहेक यो वर्तमान समय कस्तो छ, सो तिमीहरूलाई थाहा छ। अब निद्राबाट**

**ब्यूँझने ठीक बेला आइपुगेको छ, किनकि हामीले पहिले विश्वास गरेको भन्दा अहिले हाम्रो मुक्ति अझ नजिक छ। १२ रात बितिसक्यो, र दिन नजिकै आइपुगेको छ। यसकारण अन्धकारका काम छोड़ेर हामी ज्योतिका हातहतियार धारण गरौं। १३ दिउँसोजस्तै गरी हामी ठीकसँग चलौं। मोजमज्जामा, पियक्कडपनमा, व्यभिचारमा, भ्रष्टाचारमा, झगड़ामा र डाहमा होइन। १४ तर प्रभु येशू ख्रीष्टलाई धारण गर, र पापमय स्वभावको अभिलाषा पूरा गर्ने कुरामा ध्यान नदेओ।"**

यहाँ पावलले विश्वासीहरूलाई जुन कुराको जानकारी दिइरहेकाछन् त्यो अत्यन्त रोचक छ। "जागा रहो र तयार होओ किनभने येशू फर्केर आउँदै हुनुहुन्छ" भनेर पावलले विश्वासीहरूलाई सम्बोधन गरिरहेका थिए। यो लेखेको करिब दुई हजार वर्ष भयो तर उहाँको आगमनको प्रतिक्षामा समयको मतलब थिएन। तर येशूको आगमन नजिकै छ भनेर विश्वास गर्दै हामीहरूको जीवनशैली त्यसै अनुसार चलाइरहनुपर्छ। हामी जो भएतापनि, हामीहरूको व्यक्तिगत अनुभव जे भएतापनि येशूको दोस्रो आगमनको वास्तविकता हामीहरूको मृत्युजस्तै छ भनेर ठहऱ्याउनुपर्दछ। अर्को हप्तामा होस् वा चालिस वर्षवर्षपछि हामीहरूको आँखा चिम्लिउन् र हामी केवल चारदिनमात्र सुतेका किन नहोऔं वा चाहे ४०० वर्ष नै किन नबितोस् येशू कहिल्ये आउनु हुन्छ त्यसले हामीलाई केही फरक पार्दैन। जब हामी मृत्युको निन्द्राबाट ब्युँझिन्छौं तब हामीलाई थाहा भएको हुन्छ कि येशू आउँदै हुनुहुन्छ। मृत्युले जताततै राज्य गरेको यस संसारमा र मृत्युले कसैलाई पनि नपर्खने अवस्थामा हाम्रो समय छोटो छ भनेर मात्रु कर लाग्छ। हामीले पहिले विश्वास गरेको भन्दा नजिक हाम्रो मुक्ति आइरहेको छ।

हो, पावलले रोमीको पुस्तकमा दोश्रो आगमनको बारेमा धेरै व्याख्या गरेको पाउँदैनौं। तर थेस्सोलोनीकी र कोरिन्थीका पत्रहरूमा येशूको आगमनको बारेमा हामीले बुझ्ने गरेर राम्रोसँग पावलले व्याख्या गर्छन्। बाइबलमा, विशेष गरि नयाँ करारमा येशूको दोश्रो आगमनको विषय अति निर्णायत्मक विषयवस्तु हो। येशूको आगमन बिना र जुन आशा यसले प्रदान गर्छ त्यस आशा बिना हाम्रो विश्वासको कुनै अर्थ हुँदैन। यदि येशू ख्रीष्टको दोश्रो आगमन भएन भने "विश्वासद्वारा धर्मी ठहरिएर मुक्तिको मीठो स्वाद पाउने चाहना"को अर्थ के छ र?

**येशू ख्रीष्ट अर्को महिना फर्केर आउनुहुन्छ भनेर तपाईंलाई थाहा छ भने तपाईंको जीवनमा के परिवर्तन ल्याउनुहुन्छ? किन? येशू आउने एक महिना अघि तपाईंको जीवनमा केहि परिवर्तन ल्याउनुछ भने अहिले नै किन नगर्ने? येशूको आगमनको समयले गर्दा तपाईंको मनस्थितिलाई कसरी असर गर्दछ?**

## उपसंहारः

थप जानकारीः "परमेश्वरको इच्छा वा योजनालाई बाइबलमा प्रकट गरिएकोछ। बाइबलमा लेखिएका सत्यहरू उच्च परमेश्वरका मुखबाट निस्केका वचनहरू हुन्। जो मानिसले ती सत्यहरूलाई आफ्नो जीवनको भाग बनाउँछ त्यो मानिस जीवनको सबै पाइलाहरूमा नयाँ सृष्टि भएको महसुस गराउँछ। उसलाई अव नयाँ मानसिक शक्ति दिइएको हुँदैन तर पाप र अज्ञानताको बादलले ढाकेको उसको अन्धकार दिमाग हटेको हुन्छ। "नयाँ हृदय म तिमीलाई दिन्छु"को अर्थ "नयाँ दिमाग म दिन्छु" भनिएको हो। जब मानिसको हृदय परिवर्तन हुन्छ तब ऊ इसाई कर्तव्यमा नडमगिएर बसिरहन्छ। सत्यलाई बुझ्ने क्षमता उसलाई दिइएको हुन्छ। जसले बाइबललाई प्रार्थनापूर्वक नियमित रूपमा अध्ययन गर्दछ वा त्यसमा ध्यान पुऱ्याउँछ, त्यसको बुझ्ने शक्ति स्पष्ट हुन्छ र उसको बिवेकले स्वस्थ वा उचितरूपमा काम गर्न थाल्छ। त्यो मानिस परमेश्वरतिर फर्केको हुनाले उसको जीवन उच्च वौद्धिक क्षमतामा पुगेको सरह हुन्छ। उसका बिचारहरू उच्च स्तरका हुन्छन्।"-एलेन जी ह्वाइट, *माई लाइफ टुडे*, पृ. २४बाट रूपान्तरित।

"हाम्रो प्रभु छिट्टै आउँदैहुनुहुन्छ। उहाँको आगमनको निम्ति तयार भएर बसिरहनुपर्दछ र उहाँको प्रत्यक्ष आगमनको प्रतिक्षामा रहिरहनुपर्दछ। उहाँलाई हेर्नपाउँदा हामीहरूको हर्ष कस्तो होला र उहाँका उद्धार पाएकाहरूलाई उहाँले स्वागत गर्दा कस्तो हुने होला! उहाँलाई पर्खेको धेरै भयो! तर हाम्रो आशालाई कमजोर बनाउन दिनुहुन्न। यदि हाम्रा राजालाई उहाँको महिमा तथा सुन्दरतामा हेर्न पायौं भने हामी सदाको निम्ति आशिषित हुनेछौं। ठूलो स्वरले म चिच्याउँ जस्तो लाग्छः "हामी घर फर्कंदैछौं !' तेजस्वी येशूको महिमित आगमनको समय नजिकै छौं। जब उहाँ महान् गौरबताका साथ आउनुहुनेछ तब उहाँले आफ्नो रगतद्वारा उद्धार

गरिएकाहरूलाई अनन्तको घरमा लैजानु हुनेछ।"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली ८, पृ. २५३बाट रूपान्तरित।

**चिन्तनमनन:**

१. पाँचौं बुँदामा उल्लेखित प्रश्नको बारेमा सोच्नुहोस्। यसमा अरू मानिसहरूको धारणा के छ?

२. हामी असल नागरिक हुनुपर्दछ र असल इसाई हुनुपर्दछ भन्ने कुरामा कतिपय कठिनाइ उत्पन्न भएको हामी पाउँछौं। कसैले तपाईंसँग परमेश्वरको इच्छामा बलियो भएर बस्नु भनेको के हो भनेर तपाईंलाई सोध्यो भने तपाईंले के जवाफ दिनुहुन्छ? र परमेश्वरमाथिको विश्वासमा बलियो भएर बस्दा त्यसले सरकारसँग टक्कर लिनुपर्‍यो भने के गर्ने? यसमा तपाईंले उसलाई के सल्लाह दिनुहुन्छ? तपाईंले कुन नीतिहरू अपनाउनुपर्छ? यो कुरा किन अति संवेदनशील छ? त्यस मामिलामा हामी किन गम्भिर हुनुपर्छ र प्रार्थनाका साथ अघि बढ्नुपर्छ? तपाईं हामीलाई थाहा छ सिंहको मुखमा फ्याकिएको मानिसहरू सधैं बिना चोटपटक निस्किएको छैन।

३. कुन कुरा गर्न मुस्किल छः परमेश्वरको आज्ञालाई अक्षरस पछ्याउनु वा कुनै सर्त र सीमाबिना परमेश्वर र अरूलाई प्रेम गर्नु? अर्थात के तपाईंले यी तर्कहरू तुलना गर्न नसकिने तर्क हुन् भनेर सोच्नुहुन्छ त? यदि छ भने किन?

४ रोमीको पुस्तकको अध्ययनको पुछारमा पुगिरहेकाछौं। पाँचसयवर्ष अघि मार्टिन लुथरले सुरू गरेका इसाई सुधारवादी आन्दोलन किन महत्त्वपूर्ण छ र रोमीको पुस्तकले त्यसलाई बुझाउन कसरी सहयोग गर्छ सो सोच्नुहोस्। हामी के विश्वास गर्छौं र किन विश्वास गर्छौं भन्ने मामिलामा रोमीको पुस्तकले हामीलाई के सिकाएको थियो?

कथा १२

## परमेश्वरको खिलाफमा मुद्दा

## भिक्टोर बफटिएक, ४० (मोल्दोभा)

मेरो देश माल्दोभाको जीवन कष्टकर थियो। म त्यहाँ एउटा अदालतमा न्यायधिसको रूपमा काम गर्थें। त्यसकारण एउटा कालोबजारमा पोल्याण्डको पासपोर्ट किनें र असल जीवनको निम्ति आयर्ल्याण्डमा गएँ। तर मेरो कोठामा बस्ने मोल्दोभान साथी सेभेन्थ-डे एडभेन्टिस्ट भनेर थाहा पाएँ।

### दिक्क बनाउने कोठाको साथी

बाइबल पढेको पढेकै गर्ने साथी देखेर मलाई रिस उठेको थियो। जहिले जहिले मेरो बालककालको चर्च ठीक थियो भनेर उसलाई भनें तब उसले बाइबल पढेर म गलत भएको सावित गर्थ्यो। आइतबार ठीक दिन हो र जे शुद्धअशुद्ध मासु खाएपनि हुन्छ भन्ने कुरामा मैले उसलाई चित्त बुझाउन सकिँन। मेरो एउटा ठूलो कमजोरी थियो। अलेक्जान्डरले दिनदिनै बाइबल पढ्थ्यो। बप्तिस्मा लिएको आठ बर्षमा आठ पटक बाइबल पढेको उसले भन्यो। तर मैले कहिल्यै बाइबल पल्टाएको पनि थिइन।

दुई हजार वर्षभित्र बाइबलमा केही परिवर्तन भएको छैन भनेर प्रमाणित गर्न मैले अलेक्जान्दरलाई चुनौति दिएँ। उसले मलाई पुरातत्व र बाइबल इतिहासको बारेमा लेखिएको पाँचवटा पुस्तकहरू दियो। हरेक दिन डब्लिनमा काम गर्न ९० मिनेट रेल चढ्नुपर्दा मैले ती किताबहरू पढें। बाइबलमा केही परिवर्तन नभएको मैले महसुस गरें।

अलेक्जान्डरले बिशेष एडभेन्टिस्ट बाइबलबाट पढिरहेको मैले भन्ठानें। मैले आफ्नै बाइबल र उसको बाइबलसँग तुलना गरें। दुवै बाइबलहरू एकै खालका थिए।

### अलेक्जान्दरलाई गलत साबित गर्न कोसिस

एक दिन शुक्रबार अलेक्जान्डरले साबथलाई स्वागत गर्न तयार गरिरहेको देखेर मलाई धेरै रिस उठ्यो। फलाम अर्थात् वेल्डिङ्गको काम गर्ने साधारण अलेक्जान्डरलाई बाइबलको बारेमा धेरै ज्ञान कसरी भयो सो मैले बुझ्न सकिँन। उनलाई गलत साबित गर्न म आफैले बाइबल पढ्न थालें। उसको बिश्वासलाई गलत साबित गर्न मलाई थाहा भएको कानुनी ज्ञानलाई

प्रयोग गर्न थालें। तर्क गर्न मैले १००वटा प्रश्नहरू बनाएँ। ती केही प्रश्नहरू यस्ता थिएः आइतबारको सट्टा किन शनिबार? सुँगुरको मासु किन खानुहुँदैन? दानिएल २ अध्यायको भविष्यवाणीको औचित्य के छ? आदि।

## परिवर्तिन हृदय

जब म आफैले बाइबल पढें मेरा प्रश्नका जवाफहरू मैले नै पाएँ। मेरा आँखाहरू खोल्न थाले। मेरो बालककालको चर्च सत्यभन्दा धेरै बाहिर भएको मैले देख्न थालें। म गलत छु भनेर मैले स्वीकार गर्नुपर्ने मैले महसुस गरें। परमेश्वरको कुराहरू मान्न थालें र साबथलाई मैले पनि पालन गर्न थालें। अलेक्जान्डरसँग चर्च जान्छु भन्दा उसले विश्वासै गर्न सकेन। एक वर्षपछि मैले बप्तिस्मा लिएँ।

म फरक चर्चमा गएको कुरा सुनेर मेरो देशमा रहेका आफन्तहरू खुशी थिएनन्। आयरल्याण्डमा भएका मेरा साथीहरूले म बहुला भएँ भनेर भन्न थाले। तर मेरो विश्वासलाई कसैले हल्लाउन सकेन। मेरो निम्ति अरू कुराभन्दा मेरो जीवन ख्रीष्टमा रहिरहनु र उहाँसँग हिँड्नु भएको थियो।

## इमान्दार हुन मलाई घचघच्याइएको

मैले कालो बजारीबाट पोल्याण्डको पासपोर्ट किनेर आयरल्याण्डमा आएकोमा मलाई इमान्दार हुन अलेक्जान्डरले घचघचाउन थाल्यो। परमेश्वर र मानिसको कानुन पालन गर्नुपर्ने कुरामा म विश्वस्त हुन थालें। त्यसकारण मैले पोल्याण्डको पासपोर्ट च्यातें र फ्याकिदिएँ। अब मसँग मोल्दोभाकोमात्रै पासपोर्ट थियो। त्यसैले मलाई आयरल्याण्डमा बस्न अनुमति थिएन। मलाई जुन बेला पनि पुलिसले पक्रेर देश निकाला गर्न सक्थ्यो।

मैले प्रार्थना गर्न थालें, "यस देशमा म रहेको तपाईं चाहनुहुन्छ वा चाहनुहुन्न त्यो मलाई थाहा छैन। यदि तपाईंको इच्छा भए मलाई घर फर्काउनुहोस्।" त्यसबेला म काम गर्दिनथें। उचित पासपोर्ट बिना काम गर्न असम्भव थियो। तर केही समयपछि रातमा सुरक्षा गार्डको काम गर्न मलाई कसैले बोलायो। साबथमा काम नगर्ने अनुमति पनि पाएँ।

अनि मैले फेरि प्रार्थना गर्न थालें, "हे प्रभु, अरूले जस्तै म कर तिर्न चाहन्छु ताकि म इमान्दार भएको प्रमाणित गर्न सकुँ। सम्राट् सिजरको जे छ उसलाई म तिर्न चाहन्छु।"

मसँग भएको माल्दोभाको पासपोर्ट लिएर करकार्यालयमा गएँ। त्यहाँ करको निम्ति दर्ता गर्न गएको थिएँ ताकि मैले कर तिर्न सकुँ। मेरो अगाडि लाताभिया देशका दम्पत्ति थिए जसले राम्रोसँग अङ्ग्रेजी बोल्दैनथे। करको हाकिमले तिनीहरूसँग धेरै बेर कुरा गरे। मलाई के होला भनेर म धेरै चिन्तित भएँ। म आयरल्याण्डमा गैरकानुनी तरिकाले बसेकोले करको हाकिमले मलाई के भन्ला भनेर डराउन थालें।

लाताभियाको दम्पत्तिको पालो पछि मेरो पालो आयो। मैले मेरो पासपोर्ट झ्यालमा राखें र भनें मलाई कर तिर्ने नम्बर दिन अनुरोध गरें। करको हाकिमले मेरो पछाडि भएको लामो लाइन देख्यो र उसले भर्नको निम्ति फाराम दियो। उसले मेरो पासपोर्ट कहिल्यै पनि हेरेन। एक हप्तापछि मैले कर तिर्न नम्बर हुलाकबाट पाएँ र मैले कर तिर्न थालें। मेरा साथीहरूले यो विश्वासै गर्न सकेनन्। जब धेरै वर्षपछि म मोल्दोभामा फर्कें तब आयरल्याण्डको करको अड्डाले मैले चाहिनेभन्दा बेसी कर तिरेकोले ती पैसा पनि फर्कायो।

मोल्दोभामा मैले मास्टर डिग्री पाएँ र अहिले म एउटा जर्मन कम्पनीको कानुनी सल्लाहकार भएर काम गर्छु। मैले साबथको दिनमा अहिलेसम्म काम गर्नुपरेको छैन र म कर पनि तिर्छु। आज परमेश्वरको अनुग्रहले परमेश्वरको र मानिसको कानुन पालन गर्छु। परमेश्वरले मैले अपेक्षा गरेको भन्दा मलाई धेरै आशिष दिनुभएको छ।

(**मोल्दोभाको बारेमा थप जानकारीः** दश लाख जनसंख्या भएको मोल्दोभाको ९० प्रतिशत जनताहरू अर्थोडक्स इसाईहरू हुन्। मोल्दोभामा ९,३०६ जना एडभेन्टिस्टहरू छन्। त्यहाँ १२२वटा चर्च तथा सङ्गति समूहरू छन्। त्यहाँ केवल एउटामात्र एडेन्टिस्ट स्कुल छ)।